# विद्युत सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

**प्रस्तावना:** विद्युतको विकास तथा सञ्चालनलाई नियमित तथा व्यवस्थित गरी विद्युत सेवालाई अझ बढी सरल, सुलभ, स्तरीय, भरपर्दो एवं सुरक्षायुक्त बनाउन विद्युत सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ को उपधारा (१) बमोजिम संविधान सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस ऐनको नाम "विद्युत ऐन, २०६५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अनुमतिपत्र" भन्नाले विद्युतको सर्वेक्षण, उत्पादन, प्रसारण, वितरण वा व्यापार गर्न दफा ६ बमोजिम दिइएको अनुमतिपत्र सम्झनुपर्छ ।

(ख) "अनुमतिपत्र प्राप्त व्यक्ति" भन्नाले दफा ६ बमोजिम अनुमतिपत्र प्राप्त गर्ने संगठित संस्था सम्झनुपर्छ र सो शब्दले दफा ३ को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम स्वीकृति लिने व्यक्ति समेतलाई जनाउंछ ।

(ग) "आयोग" भन्नाले प्रचलित कानून बमोजिम गठन भएको नेपाल विद्युत नियमन आयोग सम्झनुपर्छ ।

(घ) "उत्पादन" भन्नाले विद्युत उत्पादन, विद्युत उत्पादनको लागि आवश्यक संरचनाको निर्माण, सञ्चालन तथा सम्भारको कार्य सम्झनुपर्छ ।

(ङ) "उपभोक्ता" भन्नाले विद्युत उपभोग गर्ने व्यक्ति वा संस्था सम्झनुपर्छ ।

(च) **"**क्याप्टिभ प्लाण्ट" भन्नाले कुनै उद्योग वा व्यवसायले आफ्नै उपयोगको लागि वा आफूले उत्पादन गरेको विद्युतको कम्तीमा एकाउन्न प्रतिशत आफैले उपयोग गर्ने गरी बनाएको संरचना सम्झनुपर्छ ।

(छ) "जलाधिकार" भन्नाले उत्पादन अनुमतिपत्र प्राप्त व्यक्तिले दफा २९ बमोजिम जलविद्युत उत्पादन गर्न प्राप्त गरेको जलाधिकार सम्झनुपर्छ ।

(ज) "जलविद्युत" भन्नाले पानीबाट उत्पादन गरिने विद्युत सम्झनुपर्छ ।

(झ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(ञ) "प्रसारण" भन्नाले विद्युत प्रसारण र विद्युत प्रसारणको लागि आवश्यक संरचनाको निर्माण, सञ्चालन तथा सम्भारको कार्य सम्झनुपर्छ ।

(ट) “महसुल” भन्नाले विद्युत सेवा उपभोग गरे वापत उपभोक्ताले वितरण अनुमतिपत्र प्राप्त व्यक्तिलाई बुझाउनु पर्ने विद्युत मूल्य, महसुल तथा अन्य दस्तुर सम्झनुपर्छ ।

(ठ) “राष्ट्रिय ग्रिड” भन्नाले नेपाल सरकारले आयोगसँग परामर्श गरी दफा १६ बमोजिम तोकेको राष्ट्रिय विद्युत प्रसारण ग्रिड सम्झनुपर्छ ।

(ड) “वितरण” भन्नाले विद्युत वितरण र विद्युत वितरणको लागि आवश्यक संरचनाको निर्माण, सञ्चालन तथा सम्भारको कार्य सम्झनुपर्छ ।

(ढ) “विद्युत” भन्नाले पानी, खनीज तेल, कोइला, ग्यास, सौर्य, वायु, आणविक, जैविक पदार्थ वा अन्य कुनै स्रोतबाट उत्पादन हुने विद्युत सम्झनुपर्छ ।

(ण) “विद्युतको विकास तथा सञ्चालन” भन्नाले विद्युतको उत्पादन, प्रसारण वा वितरणको लागि संरचनाको निर्माण, सञ्चालन, पुनर्निर्माण, पुनर्संरचना, विस्तार, विविधीकरण, मर्मत सम्भार र सोसँग सम्बन्धित कार्य सम्झनुपर्छ ।

(त) “व्यापार” भन्नाले विद्युत खरिद गरी बिक्री गर्ने कार्य सम्झनुपर्छ र सो शब्दले विद्युतको निकासी वा पैठारी गर्ने काम समेतलाई जनाउँछ ।

(थ) “संरचना” भन्नाले विद्युत उत्पादन, प्रसारण वा वितरणको लागि निर्माण भएका बाँध, जलाशय, जलमार्ग, प्रवेश मार्ग, विद्युतगृह वा केन्द्र, उपकेन्द्र, रुपान्तर केन्द्र, प्रसारण लाइन, वितरण लाइन, त्यसको भौतिक पूर्वाधार लगायत त्यसले चर्चेको जग्गा र त्यसमा जडित मेशिनरी र सोसँग सम्बन्धित अन्यवस्तु समेतलाई सम्झनुपर्छ ।

(द) “सर्वेक्षण” भन्नाले विद्युत उत्पादन, प्रसारण वा वितरण गर्ने प्रयोजनको लागि निर्माण शुरु गर्नु पूर्व गरिने अध्ययन लगायतका अन्य कार्य सम्झनुपर्छ ।

## परिच्छेद-२

## अनुमतिपत्रसम्बन्धी व्यवस्था

३. **अनुमतिपत्र प्राप्त नगरी विद्युतको सर्वेक्षण, उत्पादन, प्रसारण, वितरण वा व्यापार गर्न नहुने**: (१) अनुमतिपत्र प्राप्त नगरी कसैले पनि विद्युतको सर्वेक्षण, उत्पादन, प्रसारण, वितरण वा व्यापार गर्नु हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि तीन मेगावाटसम्मको जडित क्षमताको जलविद्युतको सर्वेक्षण, उत्पादन, प्रसारण वा वितरण गर्न अनुमतिपत्र लिनु पर्ने छैन ।

तर, एकसय किलोवाटदेखि तीन मेगावाटसम्म जडित क्षमताको विद्युतको सर्वेक्षण, उत्पादन, प्रसारण वा वितरण गर्न चाहने व्यक्तिले तोकिए बमोजिमको शर्त तथा प्रक्रिया पूरा गरी तोकिएको अधिकारी समक्ष तोकिए बमोजिम स्वीकृति लिनु पर्नेछ ।

४. **अनुमतिपत्रको लागि निवेदन दिनुपर्ने**: (१) विद्युतको सर्वेक्षण, उत्पादन, प्रसारण, वितरण वा व्यापार गर्न चाहने प्रचलित कानून बमोजिम कम्पनीको रुपमा स्थापना भएको संगठित

संस्थाले अनुमतिपत्रको लागि तोकिएको अधिकारी समक्ष तोकिए बमोजिमको निवेदन दस्तुर सहित तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

तर दफा ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि एकसय किलोवाटभन्दा कम जडित क्षमताको विद्युतको सर्वेक्षण, उत्पादन, प्रसारण वा वितरण प्राकृतिक व्यक्तिले पनि गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन दिंदा सर्वेक्षण अनुमतिपत्रको हकमा तोकिए बमोजिमको मापदण्ड तथा विवरण र अन्य अनुमतिपत्रको हकमा तोकिए बमोजिमका आर्थिक, प्राविधिक, तथा वातावरणीय प्रतिवेदन, सम्झौताको माध्यमबाट विद्युत खरिद बिक्री गरिने भए विद्युत खरिद सम्झौता र सो वाहेक अन्य माध्यमबाट बिक्री गरिने भए विद्युत बिक्री सम्बन्धी कागजात संलग्न गर्नु पर्नेछ ।

तर व्यापार अनुमतीपत्रको लागि वातावरणीय प्रतिवेदन आवश्यक पर्ने छैन ।

(३) उपदफा (१) बमोजिम प्राप्त हुन आएको निवेदन उपर तोकिएको अधिकारीले सर्वेक्षण तथा व्यापार अनुमतिपत्रको हकमा निवेदन परेको मितिले एक्काइस दिनभित्र र अन्य अनुमतिपत्रको हकमा पैंतालीस दिनभित्र कारबाही गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम कारबाही गर्दा कुनै विषयमा थप कागजात आवश्यक पर्ने वा कुनै विषयमा स्पष्ट हुनु पर्ने देखिएमा तोकिएको अधिकारीले सो बमोजिमको कागजात पेश गर्न वा स्पष्ट गर्न निवेदकलाई मुनासिव माफिकको म्याद तोकी उपदफा (३) बमोजिमको म्यादभित्र लिखित सूचना दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम दिइएको म्यादभित्र निवेदकले थप कागजात पेश गरेमा वा स्पष्ट हुनुपर्ने विषय स्पष्ट गरेमा सो भए गरेको मितिलाई नै निवेदन परेको मिति मानिनेछ ।

(६) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका जलविद्युत आयोजनाको विकास तथा सञ्चालन गर्न सकिने संभाव्य क्षेत्रमा प्रतिस्पर्धाको माध्यमबाट सर्वेक्षण अनुमतिपत्र दिन सक्नेछ ।

(७) उपदफा (६) बमोजिम प्रतिस्पर्धाको माध्यमबाट छनौट हुने आयोजनाको आधार तथा कार्यविधि तोकिए बमोजिम हुनेछ ।

५. **सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेः** (१) उत्पादन, प्रसारण वा वितरण अनुमतिपत्र जारी गर्ने क्रममा तोकिएको अधिकारीले संरचनाको निर्माण तथा सञ्चालन गर्दा उल्लेखनीय वातावरणीय प्रतिकूल असर पर्ने वा नपर्ने विषयमा सार्वजनिक जानकारीको लागि तोकिए बमोजिमको सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन भएपछि त्यस्तो संरचनाको निर्माण तथा सञ्चालन गर्दा उल्लेखनीय वातावरणीय प्रतिकूल असर पर्ने भएमा सो को विवरण खुलाई सूचना प्रकाशन भएको मितिले बीस दिनभित्र त्यस्तो प्रतिकूल असर पर्ने सरोकारवालाले तोकिएको अधिकारी समक्ष प्रतिक्रिया दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त प्रतिक्रियालाई विचार गरी अनुमतिपत्रमा सो सम्बन्धी शर्त तोक्न सकिनेछ ।

६. **अनुमतिपत्र दिनु पर्नेः** (१) दफा ४ बमोजिम परेको निवेदन, सो साथ संलग्न कागजात र बुझिएका अन्य विवरण उपर आवश्यक जाँचबुझ गर्दा निवेदकको माग बमोजिम अनुमतिपत्र दिन मनासिव देखिएमा पच्चीस मेगावाटसम्म जडित क्षमताको भए विद्युत विकास विभागका महानिर्देशक र सो भन्दा माथिको भए जलस्रोत मन्त्रालयका सचिवले निवेदन परेको मितिले देहायको अनुमतिपत्र देहाय बमोजिमको अवधिभित्र तोकिए बमोजिमको अनुमतिपत्र दस्तुर लिई तोकिए बमोजिमको ढाँचामा अनुमतिपत्र दिनु पर्नेछ :-

(क) सर्वेक्षण अनुमतिपत्रभए एक्काइस दिनभित्र,

(ख) पच्चीस मेगावाटसम्म जडित क्षमताको उत्पादन अनुमतिपत्रभए साठी दिनभित्र,

(ग) पच्चीस मेगावाटदेखि एकसय मेगावाटसम्म जडित क्षमताको उत्पादन अनुमतिपत्रभए नब्बेदिन भित्र,

(घ) एकसय मेगावाटभन्दा बढी जतिसुकै जडित क्षमताको उत्पादन अनुमतिपत्र एकसय बीस दिनभित्र,

(ङ) प्रसारण वा वितरण अनुमतिपत्रभए नब्बे दिनभित्र,

(च) व्यापार अनुमतिपत्रभए पैंतालीस दिनभित्र ।

(२) यस दफा बमोजिम परेको निवेदन, सो साथ संलग्न कागजात र बुझिएका अन्य विवरण उपर आवश्यक जाँचबुझ गर्दा निवेदकको माग बमोजिम अनुमतिपत्र दिन नपर्ने देखिएमा तोकिएको अधिकारीले निवेदकलाई सोको कारणसहितको सूचना निर्णय भएको मितिले सात दिनभित्र दिनु पर्नेछ ।

७. **एक भन्दा बढी कारोबार गर्न अनुमतीपत्र नदिइने** : (१) दफा ६ बमोजिम अनुमतिपत्र दिंदा एउटै अनुमतिपत्र प्राप्त व्यक्तिलाई उत्पादन, प्रसारण, वितरण वा व्यापारमध्ये एकभन्दा बढी प्रकारको अनुमतिपत्र दिइने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा अनुमतिपत्र प्राप्त व्यक्तिलाइ एकभन्दा बढी प्रकारको अनुमतिपत्र दिन सकिनेछ :-

(क) राष्ट्रिय ग्रिड नपुगेको क्षेत्रमा उत्पादन गरी त्यस्तोक्षेत्रमा विद्युत बिक्री वा वितरण गर्नु परेमा,

(ख) उत्पादित विद्युतको प्रसारण राष्ट्रिय ग्रिडमा प्राविधिक रुपमा आवद्ध हुन नसक्ने भएमा,

(ग) राष्ट्रिय ग्रिड पुगेको भएतापनि ग्रिडमा आवद्ध हुँदा उपभोक्तालाई प्रतिकूल असर पर्ने भएमा,

(घ) उत्पादन अनुमतिपत्र प्राप्त व्यक्तिलाई दफा ४४ बमोजिम कुनै शर्त तोकेको भएमा ,

(ङ) राष्ट्रिय ग्रिड नपुगेको तर राष्ट्रिय ग्रिडमा संलग्न हुने विद्युतको उत्पादन र प्रसारण गर्नु परेमा,

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारलाई उपलब्ध गराउनु पर्ने विद्युत बाहेक शत प्रतिशत विद्युत निकासी गर्ने अनुमतिपत्र प्राप्त व्यक्तिलाई उत्पादन, प्रसारण वा व्यापारको कारोबार गर्न एक भन्दा बढी अनुमतिपत्र दिन सकिनेछ ।

८. <u>**सर्वेक्षण अनुमतिपत्रसम्बन्धी विशेष व्यवस्था:**</u> (१) सर्वेक्षण अनुमतिपत्र प्राप्त व्यक्तिले आफूले सम्पन्न गरेको सर्वेक्षण प्रतिवेदनको पाँचप्रति नेपाल सरकारलाई निःशुल्क बुझाउनु पर्नेछ ।

(२) सर्वेक्षण अनुमतिपत्र प्राप्त व्यक्तिले सर्वेक्षण अनुमतिपत्रको अवधिभित्र उत्पादन, प्रसारण वा वितरण अनुमतिपत्रको लागि निवेदन दिएमा दफा ६ र ७ को अधीनमा रही त्यस्तो व्यक्तिलाई अनुमतिपत्र दिइनेछ ।

(३) सर्वेक्षण अनुमतिपत्र प्राप्त व्यक्तिले उपदफा (२) बमोजिम उत्पादन, प्रसारण वा वितरण अनुमतिपत्रको लागि निवेदन नदिएमा त्यस्तो व्यक्तिले उपदफा (१) बमोजिम बुझाएको प्रतिवेदन उपर नेपाल सरकारको स्वामित्व कायम हुनेछ ।

९. <u>**जमानतसम्बन्धी व्यवस्था:**</u> (१) उत्पादन, प्रसारण र वितरणको लागि अनुमतिपत्र जारी हुंदाका बखत निवेदकले तोकिए बमोजिमको नगद वा बैंक जमानत बुझाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जम्मा हुन आएको नगद वा बैंक जमानत फिर्ता गर्ने वा जफत गर्नेसम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१०. <u>**अनुमतिपत्रको अवधि**</u>: (१) एकसय मेगावाट सम्मको क्षमताको सर्वेक्षणका लागि एक वर्ष र सो भन्दा बढी क्षमताको सर्वेक्षण अनुमतिपत्र सामान्यतयाः दुई वर्षको लागी दिइनेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको अनुमतीपत्रमा उल्लेख गरिएका शर्त बमोजिमको कार्य प्रगतिको आधारमा तोकिए बमोजिम पटक पटक गरी बढीमा तीन वर्षसम्म थप गर्न सकिनेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सर्वेक्षण अनुमतिपत्रको अवधि पाँच वर्ष भन्दा बढी हुने छैन ।

(४) उत्पादन अनुमतिपत्रको अवधि देहाय बमोजिम हुनेछः-

(क) जलविद्युतअन्तर्गत आन्तरिक माग आपूर्तिको लागि उत्पादन हुने विद्युतको हकमा पैंतीस वर्ष र निकासीको हकमा तीस वर्ष,

(ख) खनिज तेल, कोईला वा ग्याँसबाट उत्पादन हुने विद्युतको हकमा पन्ध्र वर्ष,

(ग) वायु, सौर्य वा जैविक पदार्थबाट उत्पादन हुने विद्युतको हकमा त्यस्तो विद्युतको कारोबार सञ्चालनमा रहेसम्म,

(घ) क्याप्टिभ प्लान्टअन्तर्गत जलविद्युतबाट उत्पादन हुने विद्युतको हकमा उद्योग वा व्यवसाय सञ्चालनमा रहेसम्म र सञ्चालनमा नरहेको भए पनि पैंतीस वर्ष र तेल, कोईला वा ग्याँसबाट उत्पादित विद्युतको हकमा उद्योग वा व्यवसाय सञ्चालनमा रहेसम्म ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि जलाशययुक्त संरचना निर्माण गर्नुपर्ने अवस्थामा तोकिएको अधिकारीले त्यस्तो संरचना निर्माण गर्न लाग्ने अवधिसमेतलाई विचार गरी उत्पादन अनुमतिपत्रको अवधि बढीमा पाँच वर्षसम्म थप गर्न सक्नेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै भौगर्भिक वा जलप्रवाहको (हाईड्रोलोजिकल) परिस्थितिमा प्रतिकूलता उत्पन्न हुन गई वा काबुबाहिरको परिस्थिति सृजना भएको वा अन्य कुनै कारणले जोखिम वृद्धि भएको कारण देखाई उत्पादन अनुमतिपत्र प्राप्त व्यक्तिले आवश्यक प्रमाण तथा कागजात संलग्न गरी उत्पादन अनुमतिपत्रको अवधि थप गर्न निवेदन दिएमा तोकिएको अधिकारीले जोखिमको स्वरुप, प्रकृति र प्रभावसमेतको मूल्याङ्कन गर्दा त्यसरी जोखिम वृद्धि भएको कारण आर्थिक दायित्व वृद्धि हुने देखिएमा त्यसरी वृद्धि हुने आर्थिक दायित्व बराबरको रकम र त्यसको मुनाफा उठ्ने समयलाई विचार गरी उत्पादन अनुमतिपत्रको अवधि बढीमा पाँच वर्षसम्म थप गर्न सक्नेछ ।

(७) विद्युत प्रसारण, वितरण वा व्यापार अनुमतिपत्रको अवधि बढीमा पच्चीस वर्षको हुनेछ ।

(८) उपदफा (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि उत्पादन अनुमतिपत्र प्राप्त व्यक्तिले दफा ७ को उपदफा (२) बमोजिम प्रसारण वा वितरण अनुमतिपत्र प्राप्त गर्ने रहेछ भने त्यस्तो प्रसारण वा वितरण अनुमतिपत्रको अवधि उत्पादन अनुमतिपत्रको अवधिसम्म कायम रहनेछ ।

(९) दफा १४ बमोजिम प्रतिस्पर्धाको माध्यमबाट सम्झौताद्वारा विद्युतको विकास तथा सञ्चालन गराउँदा यसै दफा बमोजिम निर्धारित अनुमतिपत्रको अवधिको अधीनमा रही सम्झौताको अवधि निर्धारण गर्नु पर्नेछ ।

११. **अनुमतिपत्रको नवीकरणः** (१) उत्पादन अनुमतिपत्र नवीकरण हुने छैन ।

(२) उत्पादन अनुमतिपत्र बाहेक अन्य अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्रको अवधि नवीकरण गराउन चाहेमा तोकिएको अधिकारी समक्ष तोकिए बमोजिमको नवीकरण दस्तुर संलग्न गरी देहाय बमोजिमको म्यादभित्र निवेदन दिनुपर्नेछः-

(क) सर्वेक्षण अनुमतिपत्रको हकमा अनुमतिपत्रको म्याद समाप्त हुनुभन्दा कम्तिमा तीन महिनाअगावै,

(ख) प्रसारण, वितरण वा व्यापार अनुमतिपत्रको हकमा अनुमतिपत्रको म्याद समाप्त हुनुभन्दा कम्तिमा दुई वर्षअगावै ।

(३) उपदफा (२) बमोजिम नविकरणको लागि निवेदन नदिएमा अनुमतिपत्र प्राप्त व्यक्तिको अनुमतिपत्र बहाल रहने अवधि समाप्त भएपछि त्यस्तो अनुमतिपत्र स्वतः रद्द हुनेछ ।

(४) उपदफा (२) बमोजिम प्राप्त निवेदनउपर जाँचबुझ गर्दा अनुमतिपत्र नवीकरण गर्न मनासिव देखिएमा तोकिएको अधिकारीले सर्वेक्षण अनुमतिपत्र भए दफा १० बमोजिमको अवधि नबढ्ने गरी, प्रसारण वा वितरण अनुमतिपत्र भए थप दश वर्षमा नबढ्ने गरी एकपटकको लागि र व्यापार अनुमतिपत्र भए प्रत्येक पच्चीस वर्षको लागि तोकिए बमोजिमको दस्तुर लिई नवीकरण गरिदिन सक्नेछ ।

(५) उपदफा (२) बमोजिम प्राप्त निवेदनउपर जाँचबुझ गर्दा अनुमतिपत्र नवीकरण नगर्ने निर्णय गरेकोमा तोकिएको अधिकारीले सोको कारणसहितको सूचना निवेदकलाई तुरुन्त दिनु पर्नेछ ।

(६) दफा ४९ बमोजिम गठित क्षतिपूर्ति निर्धारण समितिबाट नेपाल सरकारले क्षतिपूर्ति तिर्नुपर्ने भनी ठहर भएको अवस्थामा क्षतिपूर्ति रकमको सट्टा सो बराबरको रकम उठ्ने समय थप गर्न नेपाल सरकार तथा अनुमतिपत्र प्राप्त व्यक्ति सहमत भएमा तोकिएको अधिकारीले दफा १३ बमोजिम अनुमतिपत्र खारेज गर्नुपर्ने अवस्थामा बाहेक अनुमतिपत्रको अवधि थप गर्न सक्नेछ ।

१२. **अनुमतिपत्र बिक्री वा हस्तान्तरण** : (१) अनुमतिपत्र प्राप्त व्यक्तिले आफूले प्राप्त गरेको अनुमतिपत्र बिक्री वा कुनै किसिमले हस्तान्तरण गर्नु परेमा कारण खुलाई तोकिएको अधिकारीको पूर्वस्वीकृति लिई अन्य कुनै व्यक्तिलाई बिक्री वा हस्तान्तरण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बिक्री वा हस्तान्तरण गर्दा तोकिए बमोजिमको दस्तुर बुझाउनु पर्नेछ ।

**१३. अनुमतिपत्रको खारेजीः** (१) दफा १० बमोजिम अवधि समाप्त भएमा वा दफा ११ बमोजिम नवीकरण नगराएमा अनुमतिपत्र स्वतः खारेज हुनेछ ।

(२) अनुमतिपत्र प्राप्त व्यक्तिले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम वा प्रचलित कानून विपरीत कुनै कार्य गरेमा तोकिएको अधिकारीले अनुमतिपत्र खारेज गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुमतिपत्र खारेज गर्नु अघि अनुमतिपत्र प्राप्त व्यक्तिलाई सफाई पेश गर्न मनासिव मौका दिनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम अनुमतिपत्र खारेज गरिएकोमा त्यस्तो अनुमतिपत्र बमोजिमको कारोबार नेपाल सरकारले बढीमा दुई वर्षको लागि आफैले गर्न वा अन्य कुनै अनुमतिपत्र प्राप्त व्यक्ति मार्फत वा प्रतिस्पर्धाको माध्यमबाट अनुमतिपत्रमा तोकिएको बाँकी अवधीसम्मको लागि काम गराउन सक्नेछ ।

(५) उपदफा (२) बमोजिम अनुमतिपत्र खारेज भएको कारणबाट सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिले आफूलाई पर्न गएको हानिनोक्सानी भरी पाउन दफा ४९ बमोजिम गठित क्षतिपूर्ति निर्धारण समिति समक्ष तोकिए बमोजिमको म्यादभित्र निवेदन दिएमा त्यस्तो समितिले निर्धारण गरे बमोजिमको क्षतिपूर्ति नेपाल सरकारले उपलब्ध गराउनेछ ।

१४. **प्रतिस्पर्धाको माध्यमबाट विद्युतको विकास तथा सञ्चालन गर्न सकिने** : (१) देहायको अवस्थामा नेपाल सरकारले प्रतिस्पर्धाको माध्यमबाट सार्वजनिक सूचना प्रकाशन गरी विद्युतको विकास तथा सञ्चालन गर्न प्रस्ताव आह्वान गर्न सक्नेछः-

(क) नेपाल सरकार आफैले संभाव्यता अध्ययन गरे वा गराएको वा सर्वेक्षण गरेको,

(ख) दफा ८ को उपदफा (३) बमोजिम नेपाल सरकारको स्वामित्व भएको,

(ग) दफा १३ बमोजिम अनुमतिपत्र खारेज भएको,

(घ) दफा १५ बमोजिम नेपाल सरकारलाई हस्तान्तरण भएको ।

(२) उपदफा (१) बमोजिम प्रतिस्पर्धाको माध्यमबाट प्रस्ताव आव्हान गर्दा अनुमतिपत्रप्राप्त व्यक्तिको छनौटको लागि मूल्याङ्कनको आधार, शर्त तथा कार्यविधि तथा अन्य आवश्यक कुराहरू खुलाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्राप्त हुन आएको प्रस्तावको मूल्याङ्कनबाट उपयुक्त देखिएको अनुमतिपत्र प्राप्त व्यक्तिसँग नेपाल सरकारले विद्युतको विकास तथा सञ्चालन गर्न सम्झौता गर्नेछ ।

(४) उपदफा (३) बमोजिम सम्झौता गर्ने अनुमतिपत्र प्राप्त व्यक्तिले कार्य प्रारम्भ गर्नुभन्दा पहिले यो ऐन बमोजिम अनुमतिपत्र प्राप्त गर्नुपर्नेछ ।

१५. **संरचनाको हस्तान्तरण**:(१) अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्रको अवधि समाप्त भएपछि देहायको संरचना नेपाल सरकारलाई चालू हालतमा निःशुल्क हस्तान्तरण गर्नु पर्नेछ :-

(क) जलविद्युतको उत्पादन, प्रसारण र वितरणसम्बन्धी संरचना,

(ख) व्यापारिक रुपमा खनिज तेल, कोइला, ग्याँसबाट विद्युत उत्पादन, प्रसारण र वितरण गर्नेसम्बन्धी संरचना ।

(२) अनुमतिपत्र प्राप्त व्यक्तिले उपदफा (१) बमोजिम नेपाल सरकारलाई संरचना हस्तान्तरण गर्नु पर्ने मितिभन्दा कम्तिमा एकवर्ष अघिदेखि नेपाल सरकारको सम्बन्धित अधिकारीलाई त्यस्तो संरचनाको सञ्चालनमा संलग्न गराउनु पर्नेछ ।

## परिच्छेद-३

## राष्ट्रिय विद्युत प्रसारण ग्रिड

१६. **राष्ट्रिय विद्युत प्रसारण ग्रिड**: (१) नेपाल सरकारले आयोगसँग परामर्श गरी राष्ट्रिय विद्युत प्रसारण ग्रिड तोक्नेछ ।

(२) नेपाल सरकारले उपदफा (१) बमोजिम तोकेको राष्ट्रिय ग्रिडसम्बन्धी सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

(३) राष्ट्रिय ग्रिडको सञ्चालन तथा नियन्त्रण राष्ट्रिय ग्रिडमा पहुँच प्राप्त गर्ने कार्यविधि, भार सम्प्रेषण तथा सो सम्बन्धि प्राविधिक कुराहरू आयोगद्धारा स्वीकृत ग्रिड संहिता, वितरण संहिता तथा सोसँग सम्बन्धित कागजात बमोजिम हुनेछ ।

(४) राष्ट्रिय विद्युत प्रसारणको लागि नेपाल सरकारले प्रचलित कानून बमोजिम स्थापना गरेको कम्पनीले बनाएको ग्रिड संहिता, वितरण संहिता तथा सोसँग सम्बन्धित कागजात आयोगबाट स्वीकृत भएपछि लागू हुनेछ ।

१७. **राष्ट्रिय ग्रिडमा आवद्धता प्राप्त गर्न सक्ने**: (१) अनुमतिपत्र प्राप्त व्यक्तिले उत्पादन गरेको विद्युत राष्ट्रिय ग्रिडमा आवद्धता प्राप्त गरी नेपालभित्र वा बाहिर प्रसारण गराउन सक्नेछ ।

(२) राष्ट्रिय विद्युत प्रसारणको लागि प्रचलित कानून बमोजिम स्थापना गरिएको राष्ट्रिय ग्रिडमा आवद्धता दिँदा उपलब्ध राष्ट्रिय ग्रिडको क्षमताको अधीनमा रही तोकिए बमोजिम मापदण्ड पूरा गरेका पहिलो निवेदन दिने व्यक्तिलाई पहिलो प्राथमिकता दिनु पर्नेछ ।

(३) राष्ट्रिय विद्युत प्रसारणको लागि प्रचलित कानून बमोजिम स्थापना गरिएको राष्ट्रिय ग्रिडमा आवद्धता प्राप्ति, प्रसारण प्रणालीसम्बन्धी गतिविधि तथा तत्सम्बन्धी तथ्यगत सूचना सम्बन्धित प्रसारण उपयोगकर्ताले थाहा पाउने गरी विना रोकटोक पारदर्शी रुपमा उपलब्ध गराउने व्यवस्था गर्नु पर्नेछ ।

(४) अनुमतिपत्र प्राप्त व्यक्तिले उत्पादन गरेको विद्युत उपदफा (१) बमोजिम राष्ट्रिय ग्रिडमा आवद्धता प्राप्त गर्दा आयोगले निर्धारण गरिदिए बमोजिमको प्रसारण दस्तुर (व्हिलिङ्ग चार्ज) तथा अन्य दस्तुर तोकिए बमोजिम बुझाउनु पर्नेछ ।

(५) अनुमतिपत्र प्राप्त व्यक्तिले निर्माण वा संचालन गरेको प्रसारण लाईनमा अन्य उत्पादक, प्रसारक वा वितरकले तोकिए बमोजिमको प्रसारण महशुल तिरी सोको प्राविधिक क्षमताले भ्याएसम्म सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिको सहमति लिई विद्युत प्रसारण गर्न सक्नेछ ।

## परिच्छेद-४

## विद्युत खरीद बिक्री, निकासी वा पैठारी सम्बन्धी व्यवस्था

१८. **विद्युतको खरिद बिक्री**: (१) अनुमतिपत्र प्राप्त व्यक्तिले उत्पादन गरेको विद्युत राष्ट्रिय विद्युत प्रसारणको लागि प्रचलित कानून बमोजिम स्थापना गरेको कम्पनी वा वितरण वा व्यापार अनुमतिपत्र प्राप्त व्यक्तिलाई आंशिक वा एकमुष्ट बिक्री गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्युत बिक्री गर्दा विस्थापित लागत (एभ्वाईडेड कष्ट) को निश्चित प्रतिशत वा औसत विद्युत महसुल दरको निश्चित प्रतिशत वा शेयर लगानीको प्रतिफल (रिटर्न अन इक्विटी) को प्रतिशतसमेतको आधारमा बिक्रीदर निर्धारण गर्न सकिनेछ ।

तर आयोगले निर्धारण गरेको प्रक्रिया अपनाई वोलपत्रको माध्यमबाट पनि बिक्रिदर निर्धारण गर्न सकिनेछ ।

(३) विद्युतको थोक वजार स्थापना तथा सञ्चालन भएपछि विद्युतको खरिद बिक्री तथा मूल्य निर्धारण प्रक्रिया आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

१९. **विद्युत खरिद सम्झौतामा सहमति प्राप्त गर्नुपर्ने**: (१) विद्युत खरीद बिक्रीको दर उत्पादन अनुमतिपत्र प्राप्त व्यक्ति र राष्ट्रिय विद्युत प्रसारणको लागि नेपाल सरकारले प्रचलित कानून बमोजिम स्थापना गरेको कम्पनी वा वितरण वा व्यापार अनुमतिपत्र प्राप्त व्यक्ति बीच हुने विद्युत खरीद सम्झौताद्वारा निर्धारण हुनेछ ।

(२) उपदफा (१) बमोजिम भएको विद्युत खरिद सम्झौता सहमतिको लागि आयोग समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएको विद्युत खरीद सम्झौताउपर आयोगले पैतालीस दिनभित्र निर्णय गर्नु पर्नेछ ।

२०. **विद्युतको निकासी वा पैठारी :** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले नेपाल सरकारको पूर्वस्वीकृति लिई नेपालभित्र विद्युत पैठारी गर्न सक्नेछ ।

(२) व्यापार अनुमतिपत्र प्राप्त व्यक्तिले नेपाल सरकारको स्वीकृति लिई नेपालबाहिर विद्युत निकासी गर्न सक्नेछ ।

(३) अनुमतिपत्र प्राप्त व्यक्तिले विद्युत निकासी गर्ने प्रयोजनको लागि उत्पादनको अनुमतिपत्र प्राप्त गरेको अवस्थामा निकासीको  लागि छुट्टै स्वीकृति लिनुपर्ने छैन ।

(४) विद्युत निकासी गर्न स्वीकृति पाएको अनुमतिपत्र प्राप्त व्यक्तिले उत्पादन गरेको विद्युतको कुल परिमाणको अधिकतम दश प्रतिशतले हुन आउने परिमाण बराबरको विद्युत आन्तरिक माग आपूर्तिको लागि खरिद गर्न गराउन सक्ने गरी नेपाल सरकारले स्वीकृति प्रदान गर्नेछ ।

(५) नेपाल सरकारले विद्युत निकासी वा पैठारी गर्ने स्वीकृति प्रदान गर्दा आवश्यक शर्त तोक्न सक्नेछ ।

परिच्छेद-५

## रोयल्टी तथा विद्युत महसुल

२१. **रोयल्टी**: (१) एक मेगावाटभन्दा बढी जलविद्युत उत्पादन गर्ने अनुमतिपत्र प्राप्त व्यक्तिले जडित क्षमता र उत्पादन गरेको ऊर्जाको परिमाणको आधारमा नेपाल सरकारलाई अनुसूची बमोजिमको रोयल्टी बुझाउनु पर्नेछ ।

(२) अनुमतिपत्र प्राप्त व्यक्तिले जुन मुद्रामा विद्युत विक्री गरेको हो सोही मुद्रामा नेपाल सरकारलाई रोयल्टी बुझाउनु पर्नेछ ।

२२. **महसुल निर्धारण**: (१) वितरणको लागि अनुमतिपत्र प्राप्त व्यक्तिले उपभोक्ताको किसिम, विद्युत उपभोग गर्ने समय समेतका आधारमा विद्युत महसुल निर्धारण गर्न आयोगसमक्ष प्रस्ताव पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त प्रस्तावको आधारमा आयोगले महसुल निर्धारण गर्नेछ ।

(३) उपभोक्ताले उपदफा (२) बमोजिम निर्धारित महसुल अनुमतिपत्र प्राप्त व्यक्तिलाई बुझाउनु पर्नेछ ।

(४) वितरण अनुमतिपत्र प्राप्त व्यक्तिले उपदफा (२) बमोजिम निर्धारित महसुलभन्दा अन्य कुनै पनि दस्तुर, शुल्क वा महसुल लगाउन सक्ने छैन ।

(५) आयोगले विद्युतको माग व्यवस्थापनको लागि विद्युतको आपूर्तिसँग मिल्ने गरी दैनिक उपभोग समय (टाईम अफ डे), मौसमी महसुल (सिजनल टेरिफ) सम्बन्धी व्यवस्थाका अतिरिक्त मुलुकभित्र अधिकतम ऊर्जा खपत गराउनको लागि महसुल संरचनामा आवश्यकता अनुसार हेरफेर गर्न सक्नेछ ।

२३. **निशुल्क विद्युत उर्जा बुझाउनु पर्ने:** (१) नेपाल सरकारले संभाव्यता अध्ययन गरी प्रतिस्पर्धा गराई आयोजना विकास गर्न अनुमति दिएका निकासीयोग्य जलविद्युत आयोजनाको उत्पादन अनुमतिपत्र प्राप्त व्यक्तिले नेपाल सरकारलाई कम्तीमा दश प्रतिशत निशुल्क विद्युत उर्जा बुझाउनु पर्नेछ ।

(२) अनुमतिपत्र प्राप्त गर्ने व्यक्तिले आफैले संभाव्यता अध्ययन, विकास र उत्पादन गरी विद्युत निकासी गरेमा त्यस्ता जलविद्युत आयोजनाको उत्पादन अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्रमा उल्लेख भएको विद्युत क्षमताको आधारमा उत्पादन अनुमतिपत्र प्राप्त गर्दाका बखत सम्बन्धित पक्षवीच भएको सहमती बमोजिमको निशुल्क विद्युत उर्जा नेपाल सरकारलाई बुझाउनु पर्नेछ ।

## परिच्छेद-६

## विद्युतको गुणस्तर तथा सुरक्षा

२४. **विद्युतको गुणस्तर र आपूर्ति**: (१) विद्युतको उत्पादन, प्रसारण वा वितरण गर्दा ग्रिड संहिता, वितरण संहिताको पालना गरी आयोगले निर्धारण गरे बमोजिमको गुणस्तर कायम राख्नु पर्नेछ ।

(२) विद्युतको उत्पादन, प्रसारण वा वितरण गर्दा वा मर्मत सम्भार गर्दा ग्रिड संहिता, वितरण संहिता वा आयोगले निर्धारण गरे बमोजिमको सुरक्षात्मक उपायहरु अपनाई भरपर्दो विद्युत आपूर्ति गर्नुपर्नेछ ।

२५. **विद्युत सेवा उपलब्ध गराउनु पर्ने**: (१) नेपाल सरकारले कुनै क्षेत्रमा तत्काल विद्युत सेवा पु-याउनु पर्ने भएमा सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिलाई आवश्यक आदेश दिन सक्नेछ र त्यसरी दिएको आदेश पालना गर्नु सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम आदेश दिएकोमा सो आदेशको पालना गर्दा अनुमतिपत्र प्राप्त व्यक्तिलाई मर्का पर्ने भएमा सोको आर्थिक दायित्व नेपाल सरकारले बहन गर्नेछ ।

२६. **विद्युत सेवा बन्द गर्न नहुने** : (१) अनुमतिपत्र प्राप्त व्यक्तिले एक पटक वितरण गरिसकेको विद्युत सेवा बन्द गर्न हुदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि ग्रिड संहिता तथा वितरण संहितामा उल्लिखित प्राविधिक कारणको आधारमा अनुमतिपत्र प्राप्त व्यक्तिले निश्चत समयावधी तोकी सो समयावधीको लागि उपभोक्तालाई पूर्वसूचना दिई विद्युत सेवा बन्द गर्न सक्नेछ ।

२७. **संरचनाको सुरक्षा**: (१) अनुमतिपत्र प्राप्त व्यक्तिले संरचनाको डिजाइन तथा निर्माणगर्दा नेपाल सरकारले निर्धारण गरेको संरचनाको डिजाइन तथा निर्माणसम्बन्धी मापदण्ड बमोजिम बनाउनु पर्नेछ ।

(२) संरचनाको सुरक्षाको प्राथमिक जिम्मेवारी अनुमतिपत्र प्राप्त व्यक्तिको हुनेछ ।

(३) अनुमतिपत्र प्राप्त व्यक्तिले संरचनाको विशेष सुरक्षा गर्नुपर्ने आवश्यक ठानेमा सोको लागि नेपाल सरकार समक्ष अनुरोध गर्न सक्नेछ ।

**स्पष्टीकरण** : यस उपदफाको प्रयोजनको लागि "विशेष सुरक्षा" भन्नाले हुलदङ्गा, विद्रोह, आतकंकारी गतिविधि, आक्रमण वा यस्तै अन्य कुनै कारणले संरचनाको सुरक्षा गर्नुपर्ने अवस्थालाई जनाउँछ ।

(४) उपदफा (३) बमोजिम अनुरोध भएमा नेपाल सरकारले संरचनाको विशेष सुरक्षाको लागि अनुमतिपत्र प्राप्त व्यक्तिले सो को आर्थिक दायित्व व्यहोर्ने गरी आवश्यक प्रवन्ध मिलाई दिनेछ ।

२८. **बीमा गराउनु पर्ने** : अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्रमा उल्लिखित कार्य प्रारम्भ भए देखि नेपाल सरकारलाई संरचना हस्तान्तरण गर्ने अवधीसम्मका लागि त्यस्तो संरचनाको जोखिम विरुद्ध बीमा गराउनु पर्नेछ ।

## परिच्छेद-७
## जलाधिकार तथा पर्यावरण

२९. **जलाधिकार प्राप्त हुने**: (१) जलविद्युत उत्पादन अनुमतिपत्र प्राप्त व्यक्तिले आफूले प्राप्त गरेको अनुमतिपत्रमा उल्लिखित पानीको स्रोतमा सोही अनुमतिपत्रमा उल्लिखित परिमाण बराबरको पानीको प्रवाह (वाटर डिस्चार्ज) मा सोही अनुमतिपत्रमा उल्लिखित अवधिभर जलविद्युत उत्पादन गर्ने प्रयोजनको लागि सोही अनुमतिपत्रमा उल्लिखित क्षेत्रमा जलाधिकार प्राप्त गर्नेछ ।

(२) दफा ३ को उपदफा (२) को प्रतिवन्धात्मक वाक्यांश बमोजिम स्वीकृती लिएर जलविद्युत उत्पादन गर्ने व्यक्तिले आफूले उपलब्ध गराएको विवरणमा उल्लिखित पानीको स्रोतमा सोही विवरणमा उल्लिखित परिमाण बराबरको पानीको प्रवाह (वाटर डिस्चार्ज) मा जलविद्युत उत्पादन गर्ने प्रयोजनको लागि जलाधिकार प्राप्त गर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम प्राप्त गरेको जलाधिकारमा प्रतिकूल असर पर्ने गरी अन्य कसैलाई उत्पादन अनुमतिपत्र प्रदान गरिने वा अन्य कुनै कार्य गर्न स्वीकृति दिइने छैन र त्यसरी प्रतिकूल हुनेगरी कसैले जलविद्युत उत्पादन गर्न पाउने छैन ।

**स्पष्टीकरण** : यस दफाको प्रयोजनको लागि "जलाधिकार" भन्नाले स्थानीय उपभोक्ताको खानेपानी तथा सिंचाईको लागि प्रयोग भएको वा हुन सक्ने पानीको परिमाण छुट्याई विद्युत उत्पादनको बाँकी रहेको अनुमतिपत्रमा उल्लेख भएको पानीमा रहेको जलाधिकार संझनु पर्छ ।

३०. **नदी वा खोलाको पर्यावरण कायम राख्नुपर्ने**: (१) अनुमतिपत्र प्राप्त व्यक्तिले नदी वा खोलाको पानी प्रयोग गर्दा प्रचलित कानून बमोजिम त्यस्तो नदी वा खोलाको पर्यावरण कायम राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम नदी वा खोलाको पानी प्रयोग गर्दा त्यस्तो नदी वा खोलाको न्युनतम मासिक औसत वहावको कम्तीमा दश प्रतिशत वा वातावरणीय प्रभाव अध्ययन प्रतिवेदनमा उल्लिखित न्यूनतम आवश्यक परिमाणमध्ये जुन बढी हुन्छ सोही परिमाणको पानी नदी वा खोलामा अनवरत रुपमा छोड्नु पर्नेछ ।

३१. **वातावरणीय प्रभाव मूल्याङ्कन** : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि संरक्षित क्षेत्र बाहेक अन्य क्षेत्रमा विद्युत प्रसारण लाईनको निर्माण गर्दा वा पचास मेगावाट क्षमतासम्मको विद्युतको विकास तथा सञ्चालन गर्दा तथा यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले प्रारम्भिक वातावरणीय परिक्षण गराउनु पर्नेछ ।

**स्पष्टीकरण** : यस ऐनको प्रयोजनको लागि “संरक्षित क्षेत्र” भन्नाले प्रचलित कानून बमोजिम राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र वा मध्यवर्ती क्षेत्र भनि तोकिएको क्षेत्र सम्झनु पर्छ ।

३२. **वातावरणीय संरक्षण कायम राख्नुपर्ने**: अनुमतिपत्र प्राप्त व्यक्तिले विद्युतको उत्पादन, प्रसारण वा वितरण गर्दा प्रचलित कानूनले तोकेको मापदण्ड अपनाई वातावरणीय संरक्षण कायम राख्नु पर्नेछ ।

## परिच्छेद-८

## घर जग्गा प्राप्ति, क्षतिपूर्ति, पुनर्स्थापना तथा पुनर्वाससम्बन्धी व्यवस्था

३३. **घर जग्गा प्राप्ति तथा क्षतिपूर्ति** : (१) अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्रमा उल्लिखित कार्य गर्ने प्रयोजनको लागि कसैको घर जग्गा उपयोग वा प्राप्त गर्न नेपाल सरकारको सहयोग आवश्यक भएमा सोही व्यहोरा उल्लेख गरी नेपाल सरकारसमक्ष निवेदन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त हुन आएमा नेपाल सरकारले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी मनासिब देखिएमा अनुमतिपत्र प्राप्त व्यक्तिलाई प्रचलित कानून बमोजिम त्यस्तो घर जग्गा प्राप्त गराइ दिनु पर्नेछ ।

(३) संरचना निर्माणको लागि आवश्यक नपर्ने तर संरचनाको सुरक्षाको लागि आवश्यक पर्ने घर जग्गा अनुमतिपत्र प्राप्त व्यक्तिले उपयोग गर्न चाहेमा नेपाल सरकारले आवश्यक व्यवस्था मिलाइदिनु पर्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा वा राष्ट्रिय वन क्षेत्रको जग्गा अनुमतिपत्र बहाल रहने अवधिभरको लागि अनुमतिपत्र प्राप्त व्यक्तिलाई तोकिए बमोजिमको शर्तको अधिनमा रही तोकिए बमोजिमको शुल्क लिई पट्टा सम्झौता (लिज एग्रिमेन्ट) द्वारा उपलब्ध गराइनेछ ।

(५) यस दफा बमोजिम अनुमतिपत्र प्राप्त संगठित सस्थालाई नेपाल सरकारले घर जग्गा उपलब्ध गराइदिएको कारणबाट सम्बन्धित घर वा जग्गा धनीलाई पुग्न गएको वास्तविक हानि

नोक्सानी वापत अनुमतिपत्र प्राप्त व्यक्तिले त्यस्तो घर वा जग्गाधनीलाई प्रचलित कानून बमोजिम क्षतिपूर्ति दिनु पर्नेछ ।

३४. **पुनर्स्थापना तथा पुनर्वास**: (१) नेपाल सरकारले प्रचलित कानून बमोजिम कुनै व्यक्तिको घर जग्गा प्राप्त गराइदिएको कारणबाट विस्थापित हुन जाने व्यक्ति तथा परिवारलाई अनुमतिपत्र प्राप्त व्यक्तिले पुनर्स्थापना र पुनर्वासको व्यवस्था गर्नुपर्नेछ ।

(२) अनुमतिपत्र प्राप्त व्यक्तिले आफूले प्राप्त गरेको अनुमतिपत्र बमोजिम विद्युतको विकास तथा सञ्चालन गर्दा पुनर्स्थापना र पुनर्वासको कार्यक्रमलाई एकीकृत रुपमा सञ्चालन गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम एकिकृत रुपमा पुर्नस्थापना र पुर्नवासको संचालन गर्दा आवश्यक पर्ने प्रशासनिक समन्वय तथा सहयोग नेपाल सरकारले गर्नेछ ।

(४) उपदफा (३) बमोजिमको कार्य गर्दा आवश्यक पर्ने आर्थिक दायित्व अनुमतिपत्र प्राप्त व्यक्तिले व्यहोर्नु पर्नेछ ।

(५) उपदफा (२) बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले सञ्चालन गर्ने पुनर्स्थापना र पुनर्वासको कार्यक्रम तयार गर्दा प्रभावित व्यक्ति तथा परिवारको जीवनस्तर तथा जीवन निर्वाहको आम्दानीमा साविकको स्तरभन्दा कम नहुने गरी गर्नु पर्नेछ ।

३५. **स्थानीय व्यक्तिले सुविधा पाउने व्यवस्था गर्नुपर्नेः** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्रमा उल्लेख भए बमोजिमको विद्युतको विकास तथा सञ्चालन गर्दा उपलब्ध हुन सक्ने रोजगारी लगायतका अन्य सुविधा दिंदा आयोजना निर्माण हुने गाउँ विकास समिति वा नगरपालिकामा आयोजना निर्माण प्रारम्भ हुंदाका बखत स्थायी बसोबास गरिरहेका व्यक्तिलाई सीप र योग्यताका आधारमा प्राथमिकता दिनु पर्नेछ ।

(२) पुर्नस्थापना र पुर्नवासमा परेका व्यक्ति वा आयोजना निर्माण हुने गाउँ विकास समिति वा नगरपालिकामा त्यस्तो आयोजना निर्माण प्रारम्भ हुंदाका बखत स्थायी बसोबास गरिरहेका व्यक्तिले आयोजनामा शेयर लगानी गर्न चाहेमा अनुमतिपत्र प्राप्त व्यक्तिले त्यस्तो आयोजनाको क्षमता हेरी बढीमा दश प्रतिशतसम्म शेयर लगानी गर्न दिनु पर्नेछ ।

(३) यस ऐनमा जुनसुकै कुरा लेखिएको भएतापनि अनुमतिपत्र प्राप्त व्यक्तिले विद्युतको विकास तथा संचालन गर्दा विद्युत गृह र बाँध स्थल रहेको स्थानबाट पाँचसय मीटर सम्मको वरिपरिको क्षेत्र भित्रको बासिन्दालाई विद्युत सेवा वितरण गर्नु पर्नेछ ।

(४) अनुमतिपत्र प्राप्त व्यक्तिले विद्युतको विकास तथा संचालन गर्दा उपदफा (३) मा उल्लेखित क्षेत्रमा बसोबास गर्ने प्रति परिवारको लागि प्रतिमहिना वीस यूनिट विद्युत उर्जा निशुल्क उपलव्ध गराउनु पर्नेछ ।

३६. **अरुको घर जग्गामा प्रवेश गर्न सक्ने**: (१) अनुमतिपत्र प्राप्त व्यक्तिले विद्युतको सर्वेक्षण, उत्पादन, प्रसारण वा वितरण सम्बन्धी कामको सिलसिलामा कसैको घर जग्गामा प्रवेश गर्नु परेमा सम्बन्धित व्यक्तिको सहमति लिई त्यस्तो घर जग्गामा प्रवेश गर्नु पर्नेछ ।

तर कुनै दुर्घटना नियन्त्रण गर्नुपर्ने अवस्थामा पूर्वसूचना नदिई सम्बन्धित घर जग्गामा प्रवेश गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम कसैको घर जग्गामा प्रवेश गर्न सम्बन्धित व्यक्तिले सहमति नदिएमा निजलाई पूर्वसूचना दिई कम्तिमा दुईजना स्थानीय व्यक्तिको रोहबरमा त्यस्तो घर जग्गामा प्रवेश गर्न सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम कसैको घर जग्गामा प्रवेश गर्दा सम्बन्धित व्यक्ति वा निजको सम्पत्तिमा कुनै किसिमको हानिनोक्सानी हुन गएमा अनुमतिपत्र प्राप्त व्यक्तिले वास्तविक हानिनोक्सानी बापत त्यस्तो व्यक्तिलाई क्षतिपूर्ति दिनु पर्नेछ ।

## परिच्छेद-९

## लगानीसम्बन्धी व्यवस्था

३७. **लगानीमा सहभागी हुन सक्ने**: नेपालमा विद्युतको विकास तथा सञ्चालनको लागि स्वदेशी वा विदेशी, सार्वजनिक वा निजी क्षेत्रबाट एकल वा संयुक्त रुपमा लगानी गर्न सकिनेछ ।

३८. **संयुक्त लगानी सम्झौता वा ऋण सम्झौता पेश गर्नुपर्ने**: विद्युतको विकास तथा सञ्चालनका लागि लगानी गर्न चाहने अनुमतिपत्र प्राप्त व्यक्ति वा अन्य व्यक्तिबीच सम्पन्न संयुक्त लगानी सम्झौता तोकिएको अधिकारीसमक्ष पेश गर्नुपर्नेछ ।

३९. **धितो लेखिदिने लिखतको रजिष्ट्रेशन गर्नुपर्ने**: (१) विद्युतको विकास तथा सञ्चालनको लागि गरिने लगानीमा विदेशी ऋण सम्बन्धी लिखत तथा सो ऋणको लागि चल वा अचल सम्पत्ति विदेशी ऋणदाताको नाममा धितो लेखिदिने लिखत प्रचलित कानून बमोजिम रजिष्ट्रेशन गर्नुपर्नेछ ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम रजिष्ट्रेशन पारित गर्दा त्यस्तो लिखतमा उल्लिखित रकमको शुन्य दशमलब शुन्यशुन्यशुन्यएक (०.०००१) प्रतिशत रजिष्ट्रेशन दस्तुर लाग्नेछ ।

४०. **बहुउद्देश्यीय आयोजनामा नेपाल सरकारले लगानी गर्न सक्ने**: जलाशययुक्त माध्यमबाट जलविद्युत उत्पादन गर्दा सिंचाइलगायतका अन्य बहुउद्देश्यीय लाभसमेत हासिल गर्न सकिने अवस्थामा नेपाल सरकारले निजीक्षेत्रसँग संयुक्त लगानी गर्न सक्नेछ ।

## परिच्छेद-१०

## सुविधासम्बन्धी व्यवस्था

४१. **कर, दस्तुर सम्बन्धी सुविधा**: (१) जलविद्युतको विकास तथा सञ्चालनको लागि आवश्यक पर्ने उपकरण, मेशिनरी, सोसँग सम्बन्धित जगेडा पाटपुर्जा र निर्माण सामग्री खरिद वा पैठारी गर्दा निर्माण अवधिभरको लागि तोकिए बमोजिमको परिमाणमा मूल्य अभिवृद्धि कर लाग्ने छैन र एक प्रतिशत भन्सार महसुल मात्र लाग्नेछ ।

**स्पष्टीकरण** : यस दफाको प्रयोजनको लागि "निर्माण अवधिभर" भन्नाले अनुमतिपत्र प्राप्त व्यक्तिले व्यापारिक उत्पादन शुरु गरेको मिति भन्दा अघिल्लो दिनसम्मको अवधिलाई जनाउँछ ।

(२) अनुमतिपत्र प्राप्त व्यक्तिले सम्वत् २०७५ साल चैत्र महिनासम्म व्यापारिक रुपमा जलविद्युतको उत्पादन, उत्पादन र प्रसारण, उत्पादन र वितरण वा उत्पादन, प्रसारण र वितरण शुरु गरेको मितिले पहिलो सात वर्षसम्म पूरै आयकर छुट पाउनेछ र त्यस पछिको तीन वर्षसम्म आधा आयकर छुट पाउनेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएका बखत व्यापारिक उत्पादन प्रारम्भ गरिसकेका अनुमतिपत्र प्राप्त व्यक्तिको हकमा अनुमतिपत्र प्राप्त गर्दाका बखत कायम रहेको आयकरको दर कायम रहनेछ ।

(४) उपदफा (१) बमोजिमको सुविधाको लागि निर्माण अवधिमा आवश्यक पर्ने उपकरण, मेशिनरी, सोसँग सम्बन्धित जगेडा पाटपुर्जा र निर्माण सामग्रीको गुरु सूचीको (मास्टर लिस्ट) परिमाण समेत उल्लेख गरी विद्युत विकास विभागबाट स्वीकृति गराउनु पर्नेछ । एक पटक स्वीकृत भएको वस्तुको सूचीमा पुनः अन्य वस्तु थप गर्न पाईने छैन ।

(५) यस ऐन बमोजिमको सुविधा सौर्य, वायु तथा जैविक पदार्थबाट उत्पादन हुने विद्युतले पनि उपभोग गर्न पाउनेछ ।

४२. **अन्य सुविधा**: अनुमतिपत्र प्राप्त संगठित संस्थामा कार्यरत विदेशी कर्मचारी र परामर्शदाताले यस ऐनमा उल्लिखित सुविधाका अतिरिक्त प्रचलित कानून बमोजिम विदेशी विनिमय सटही सुविधा, भंसार छुट तथा प्रवेशाज्ञा सुविधा तथा अन्य सुविधा दोहोरो नपर्ने गरी लिन पाउनेछ ।

४३. **सुविधाको प्रत्याभूति**: अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्रको अवधिभर अनुमतिपत्र प्राप्त गर्दाका बखत कायम नरहेको नयाँ कर लागू भएमा त्यस्तो करवापत कुनै रकम तिर्नु बुझाउनु पर्ने छैन र अनुमतिपत्र प्राप्त गर्दाको बखत कायम रहेको सुविधा अनुमतिपत्र बहाल रहेको अवधिभर कायम रहनेछ ।

## परिच्छेद-११

## लघु जलविद्युत तथा ग्रामीण विद्युतीकरण

४४. **ग्रामीण विद्युतीकरण**: आफ्नो उत्पादनको शत प्रतिशत विद्युत निकासी गर्ने अनुमतिपत्र प्राप्त व्यक्ति बाहेक अन्य अनुमतिपत्र प्राप्त व्यक्तिले उत्पादन वा वितरण गर्ने विद्युतको कुल परिमाणको तोकिएको प्रतिशतको विद्युत ग्रामीण क्षेत्रमा पुऱ्याउनु पर्नेछ ।

**स्पष्टीकरण**: यस दफाको प्रयोजनको लागि "ग्रामीण क्षेत्र" भन्नाले शहर उन्मुख वाहेकका गाउँ विकास समिति र शहर उन्मुख नभएको नगरपालिकालाई जनाउँछ ।

४५. **ग्रामीण विद्युतीकरणको लागि रकम छुट्याउनुपर्ने :** नेपाल सरकारलाई जलविद्युतको उत्पादन अनुमतिपत्र प्राप्त व्यक्तिबाट प्राप्त रोयल्टीको रकममध्ये बीस प्रतिशत रकम नेपाल सरकारले ग्रामीण विद्युतीकरण विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्नको लागि छुट्याउनु पर्नेछ ।

४६. **अनुदान दिइने:** नेपाल सरकारले ग्रामीण स्तरमा एकहजार किलोवाटसम्मका लघु जलविद्युतको विकास तथा सञ्चालन गर्ने अनुमतिपत्र प्राप्त व्यक्तिलाई अनुदान उपलब्ध गराउन सक्नेछ ।

तर यस्तो सुविधा राष्ट्रिय ग्रीड तथा वितरण प्रणालीमा आवद्ध हुने अनुमतिपत्र प्राप्त व्यक्तिले पाउने छैन ।

४७. **स्थानीय सहकारी समूहबाट व्यवस्थापन गरिने:** (१) राष्ट्रिय ग्रिडमा पहुँच नपुगेको ग्रामीण क्षेत्रमा नेपाल सरकारको स्वामित्वमा रहेको जलविद्युतको व्यवस्थापनको जिम्मेवारी प्रचलित कानून बमोजिम गठन भएको स्थानीय सहकारी संस्थालाई दिन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम व्यवस्थापनको जिम्मेवारी प्रदान गर्नेसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४८. **स्थानीय निकायलाई सहयोग :** (१) विद्युतीकरण विस्तारको लागि यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिबाट नेपाल सरकारलाई प्राप्त हुने रोयल्टीको बाह्र प्रतिशतले हुन आउने रकम आयोजना निर्माण भएको जिल्ला विकास समितिलाई र अठ्तीस प्रतिशतले हुन आउने रकम सम्बन्धित विकास क्षेत्रका जिल्ला विकास समितिलाई प्रचलित कानून बमोजिम उपलब्ध गराइनेछ ।

(२) उत्पादन अनुमतिपत्र प्राप्त व्यक्तिबाट नेपाल सरकारलाई प्राप्त हुने रोयल्टीको दुई प्रतिशतले प्राप्त हुन आउने रकम र नेपाल सरकारलाई निःशुल्क प्राप्त भएको विद्युत बिक्री गरी प्राप्त हुने रकमको एक प्रतिशतले हुन आउने रकम संरचनाको निर्माण कार्यबाट प्रत्यक्ष रुपमा प्रभावित भएका गाउँ विकास समिति वा नगरपालिकालाई उपलब्ध गराइनेछ ।

(३) उपदफा (२) बमोजिमको रकम जलविद्युत उत्पादनको लागि संरचना निर्माण भएका गाउँ विकास समिति वा नगरपालिकालाई पर्न गएको प्रभावको आधारमा उपलब्ध गराइनेछ ।

(४) यस दफा बमोजिम उपलब्ध गराइएको रकम सम्बन्धित जिल्ला विकास समिति, नगरपालिका तथा गाउँ विकास समितिले ग्रामीण विद्युतीकरणको लागि मात्र प्रयोग गर्नुपर्नेछ ।

## परिच्छेद-१२

## क्षतिपूर्ति तथा दण्ड सजाय

४९. **क्षतिपूर्ति निर्धारण समिति:** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली तथा अनुमतिपत्र जारी गर्दा निर्धारण भएका शर्त तथा नेपाल सरकार तथा अनुमतिपत्र प्राप्त व्यक्तिबीच भएको सम्झौता पालन नगरेको कारणले हुन गएको वा दफा १३ को उपदफा (२) बमोजिम अनुमतिपत्र खारेज भएको कारणले हुन गएको वा दफा ३६ बमोजिम व्यक्तिको घर जग्गामा प्रवेश गर्दा हुन गएको वा दफा ५८ को उपदफा (१) बमोजिम सार्वजनिक हितको लागि संरचना स्वामित्वमा लिंदा

हुन गएको वास्तविक हानिनोक्सानीको क्षतिपूर्ति निर्धारण गरी भराई दिन एक क्षतिपूर्ति निर्धारण समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन, क्षतिपूर्ति निर्धारणको आधार तथा क्षतिपूर्ति माग दावीसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५०. **कसूर**: देहाय बमोजिमको कार्य गरेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछः-

(क) अनुमतिपत्र प्राप्त नगरी विद्युत सर्वेक्षण, उत्पादन, प्रसारण, वितरण वा व्यापार गरेमा,

(ख) संरचनामा प्रतिकूल असर पर्ने वा हानिनोक्सानी हुने कुनै काम गरेमा, भत्काएमा, विगारेमा वा त्यस्तो कार्य गर्ने उद्योग गरेमा वा त्यस्तो कार्य गर्न कसैलाई दुरुत्साहन दिएमा,

(ग) खण्ड (क) र (ख) मा लेखिएदेखि बाहेक यो ऐन वा यस ऐन अर्न्तगत बनेको नियमावली, अनुमतिपत्र वा सम्झौतामा उल्लिखित व्यवस्था वा शर्तको उल्लंघन गरेमा वा त्यस्तो व्यवस्था विपरीत कुनै काम गरेमा ।

५१. **नेपाल सरकार वादी हुने**: दफा ५० को खण्ड (ख) अन्तर्गतको मुद्दामा नेपाल सरकार वादी हुनेछ र सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची-१ मा समावेश भएको मानिनेछ ।

५२. **दण्ड सजाय**: (१) तोकिएको अधिकारीले दफा ५० को खण्ड (क) बमोजिम अनुमतिपत्र प्राप्त नगरी सर्वेक्षण गर्नेलाई पचासहजार रुपैयाँ देखि पाँचलाख रुपैंयासम्म जरिवाना र अनुमतिपत्र प्राप्त नगरी विद्युत उत्पादन, प्रसारण, वितरण वा व्यापार गर्नेलाई दशलाख रुपैंयाँ देखि पचासलाख रुपैंयासम्म जरिवाना गर्नेछ ।

(२) दफा ५० को खण्ड (ख) बमोजिमको कसूरदारबाट वास्तविक रुपमा हुन गएको हानिनोक्सानी वापतको विगो बमोजिमको रकम असूल गरी विगो बमोजिम जरिवाना वा दश वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(३) दफा ५० को खण्ड (ग) बमोजिमको कसूर गर्नेलाई तोकिएको अधिकारीले दशलाख रुपैयाँसम्म जरिवाना गरी त्यसबाट कसैलाई हानिनोक्सानी हुन गएको रहेछ भने सो वापतको क्षतिपूर्ति भराउने र कुनै निर्माण कार्य रोक्ने तथा सुधार गर्ने आदेश दिन सक्नेछ ।

५३. **पुनरावेदन**: दफा ५२ बमोजिम तोकिएको अधिकारीले गरेको जरिवाना वा आदेशउपर चित्त नबुझ्ने पक्षले त्यस्तो सजाय वा आदेश पाएको मितिले पैतीस दिनभित्र सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

## परिच्छेद-१३

## विविध

५४. **राष्ट्रियकरण नगरिने**: अनुमतिपत्र प्राप्त व्यक्तिको स्वामित्वमा रहेको संरचनाको राष्ट्रियकरण गरिने छैन ।

५५. **नेपाल सरकारले करार गरी विद्युतको विकास तथा सञ्चालन गर्न सक्ने**: यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले कुनै अनुमतिपत्र प्राप्त व्यक्तिसँग करार गरी सोही करारमा उल्लिखित शर्तको आधारमा विद्युतको विकास तथा सञ्चालन गर्न गराउन सक्नेछ ।

५६. **नेपाल सरकार आफैंले विद्युतको विकास तथा सञ्चालन गर्न सक्ने** : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार आफैंले विद्युतको विकास तथा सञ्चालन गर्न सक्नेछ ।

५७. **राष्ट्रिय प्राथमिकताप्राप्त आयोजनाको रुपमा रहने**: विद्युत सर्वेक्षण, उत्पादन, प्रसारण वा वितरण आयोजना राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको रुपमा रहनेछ र नेपाल सरकारले सोही बमोजिमको सुविधा तथा सहुलियत उपलब्ध गराउनेछ ।

५८. **सार्वजनिक हितको लागि कार्य गर्न सक्ने**: (१) नेपाल सरकारले व्यापक सार्वजनिक हित र जलस्रोतको अधिकतम उपयोगको लागि कुनै अनुमतिपत्र प्राप्त व्यक्तिको स्वामित्वमा रहेको संरचना आफ्नो स्वामित्वमा लिन सक्नेछ ।

**स्पष्टीकरण**: यस उपदफाको प्रयोजनको लागि "व्यापक सार्वजनिक हित" भन्नाले तत्काल कायम रहेको उपयोगबाट लाभान्वित भएका उपभोक्तालाई उल्लेखनीय प्रतिकूल असर नपारी तुलनात्मक रुपमा व्यापक उपभोक्ता लाभान्वित हुने अवस्थालाई जनाउँछ ।

(२) उपदफा (१) बमोजिमको संरचना साविकको भन्दा व्यापक सार्वजनिक हित र जलस्रोतको अधिकतम उपयोग हुने गरी संचालन गर्नु परेमा साविकमा अनुमतिपत्र प्राप्त व्यक्तिलाई संचालनको लागि अनुमति दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम साविकको अनुमतिपत्र प्राप्त व्यक्तिले मात्र उक्त संरचना संचालन गर्न नसक्ने जानकारी दिएमा अन्य कुनै अनुमतिपत्र प्राप्त व्यक्ति समेतलाई समावेश गरी उक्त संरचनाको संचालन गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम साविकको अनुमतिपत्र प्राप्त व्यक्तिले उक्त, संरचनाको संचालनमा संलग्न हुन नचाहेमा त्यस्तो संरचनाको धनीलाई दफा ४९ बमोजिमको क्षतिपूर्ति निर्धारण समितिले निर्धारण गरिदिए बमोजिमको क्षतिपूर्ति दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम दिइने क्षतिपूर्ति नेपाल सरकारले लिएको संरचनाको वर्तमान मूल्य (त्यसमा भएको टुटफुट र साधारण प्रयोगबाट भएको ह्रास कटाई) को आधारमा निर्धारण गर्नु पर्नेछ ।

५९. **बोनस तथा वासस्थान सुविधा**: (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्नो संस्थाको प्रत्येक आर्थिक वर्षको कर योग्य आयको दुई प्रतिशतका दरले हुन आउने रकम छुट्याई सम्बन्धित कामदार तथा कर्मचारीलाई बोनस वितरण गर्नु पर्नेछ ।

तर त्यसरी वितरण गरिने प्रत्येक वर्षको बोनस रकम कर्मचारीले खाईपाई आएको वार्षिक तलव रकमभन्दा बढी हुने छैन ।

(२) अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्नो संस्थामा कार्यरत कामदार तथा कर्मचारीको लागि वासस्थानको प्रवन्ध गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम बोनसको लागि छुट्याइएको रकममध्ये वितरण गरी बाँकी हुन आउने रकम अनुमतिपत्र प्राप्त व्यक्तिले कर्मचारी कल्याणकारी कोष खडा गरी सो कोषमा दाखिला गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिमको कोषको सञ्चालन अनुमतिपत्र प्राप्त व्यक्तिले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) बोनससम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

६०. **जाँचबुझ तथा निरीक्षण गरी निर्देशन दिन सक्नेः** (१) संरचनाको निर्माण कार्य प्राविधिक दृष्टिले सुरक्षित भए-नभएको सम्बन्धमा नेपाल सरकारले आवश्यक जाँचबुझ तथा निरीक्षण गरी अनुमतिपत्र प्राप्त व्यक्तिलाई आवश्यक आदेश तथा निर्देशन दिन सक्नेछ ।

(२) अनुमतिपत्र प्राप्त व्यक्तिले यो ऐन तथा यस ऐनअन्तर्गत बनेको नियम तथा अनुमतिपत्र प्रदान गर्दा निर्धारण गरिएका शर्त बमोजिम काम गरे नगरेको सम्बन्धमा आयोगले आवश्यक जाँचबुझ तथा निरीक्षण गरी अनुमतिपत्र प्राप्त व्यक्तिलाई आवश्यक आदेश तथा निर्देशन दिन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम नेपाल सरकार तथा आयोगले दिएको आदेश तथा निर्देशन पालना गर्नु गराउनु सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिको कर्तव्य हुनेछ ।

(४) उपदफा (१) बमोजिम दिएको आदेश तथा निर्देशन अनुमतिपत्र प्राप्त व्यक्तिले पालना नगरेमा नेपाल सरकारले त्यस्तो संरचनाको निर्माण कार्य रोक्न आदेश दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम दिइएको आदेशको कारणबाट अनुमतिपत्र प्राप्त व्यक्तिलाई पर्न गएको हानिनोक्सानी वापत नेपाल सरकारले कुनै दायित्व व्यहोर्नु पर्ने छैन ।

(६) उपदफा (२) बमोजिम आयोगले दिएको आदेश तथा निर्देशन पालन नगरेमा सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिलाई दफा ५० को खण्ड (ग) बमोजिम कसूर गरेको आरोपमा दफा ५२ बमोजिमको सजाय गर्न सिफारिस सहितको निर्णय तोकिएको अधिकारीसमक्ष पठाउनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम सिफारिस भई आएको अवस्थामा सजाय दिने अधिकारीले सो सम्बन्धमा आवश्यक कारबाही गर्नु पर्नेछ ।

६१. **वितरण प्रणालीमा सहभागी गराउन सक्नेः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि विद्युत वितरण प्रणालीको सञ्चालनमा आवश्यकतानुसार स्थानीय निकाय, सामुदायिक र सहकारी संस्थालाई सहभागि गराउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम सहभागी गराउने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६२. **प्रतिवेदन पेश गर्नुपर्नेः** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले विद्युत उत्पादन, प्रसारण, वितरण वा व्यापार गर्दा भएको आयव्ययको लेखा खडा गरी प्रत्येक आर्थिक वर्षको आयव्ययको लेखा आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र विद्युत विकास विभाग तथा आयोगमा पेश गर्नुपर्नेछ ।

(२) अनुमतिपत्र प्राप्त व्यक्तिले विद्युत उत्पादन, प्रसारण, वितरण वा व्यापारको कार्य शुरु गरिसकेपछि विद्युत विकास विभाग तथा आयोगमा वार्षिक प्रतिवेदन पेश गर्नु पर्नेछ ।

६३. **अलगअलग संगठित संस्थाको स्थापना गर्नुपर्नेः** (१) यो ऐन प्रारम्भ हुँदाका वखत विद्युत उत्पादन, प्रसारण वा वितरणमध्ये एकभन्दा बढी कार्य गरेका संगठित संस्थाले यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र विद्युतको उत्पादन, प्रसारण वा वितरण र सोसँग सम्बद्ध प्रत्येक कारोबारको लागि प्रचलित कानून बमोजिम अलग अलग संगठित संस्थाको स्थापना गर्नुपर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ बमोजिम स्थापना भएको नेपाल विद्युत प्राधिकरणको हकमा उपदफा (१) बमोजिमको अलग अलग संगठित संस्था स्थापना गर्ने कार्य नेपाल सरकारले निर्धारण गरेको प्रक्रिया अपनाई गरिनेछ ।

(३) उपदफा (१) बमोजिम संगठित संस्थाको स्थापना गर्दा उत्पादन, प्रसारण वा वितरणको लागि एकभन्दा बढी अलग अलग संगठित संस्थाको स्थापना गर्न सकिनेछ ।

(४) उपदफा (१) र (३) बमोजिम अलग अलग भएका संगठित संस्था को स्थापना भएको मितिले एक वर्षभित्र तत्कालमा विद्युतको उत्पादन, प्रसारण वा वितरण गरेको संगठित संस्थाले त्यस्तो संस्थाको सम्पत्ति, हक तथा दायित्वको मूल्याङ्कन गरी त्यसरी स्थापना भएका तत् तत् संगठित संस्थालाई हस्तान्तरण गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम हस्तान्तरण भएपछि सम्बन्धित संगठित संस्थाले विद्युतको उत्पादन, प्रसारण वा वितरणको कार्य गर्न यो ऐन बमोजिम अनुमतिपत्र प्राप्त गरेसरह मानिनेछ ।

६४. **जिम्मेवारी निर्धारणः** (१) आयोगले दफा ६३ बमोजिम अलग अलग स्थापना भएका संगठित संस्थाको जिम्मेवारी निर्धारण गर्ने प्रयोजनको लागि कुनै विद्युत लाईनलाई त्यसको भोल्टेज क्षमता तथा अन्य प्राविधिक आधारमा प्रसारण वा वितरण लाइन तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रसारण वा वितरण लाईन तोक्दा आयोगले नेपाल सरकार र सम्बन्धित संगठित संस्थासँग समन्वय गर्नु पर्नेछ ।

६५. **समितिको गठनः** (१) अनुमतिपत्र प्राप्त व्यक्तिले यस ऐन बमोजिम पाउने सहुलियत वा विद्युत विकास तथा संचालनको लागि आवश्यक सुविधा उपलब्ध गराउन तथा सम्बन्धित निकायबीच समन्वय गरी आवश्यक कार्य गर्न देहायको एकद्वार समिति रहनेछ :-

(क) मन्त्री/राज्य मन्त्री, जलस्रोत मन्त्रालय, – अध्यक्ष

(ख) सचिव, जलस्रोत मन्त्रालय –सदस्य,

(ग) सचिव, अर्थ मन्त्रालय –सदस्य,

(घ) सचिव, वातावरण, विज्ञान तथा प्रविधी मन्त्रालय –सदस्य,

(ङ) सचिव, गृह मन्त्रालय –सदस्य,

(च) सचिव, भूमिसुधार तथा व्यवस्था मन्त्रालय –सदस्य,

(छ) सचिव, वन मन्त्रालय –सदस्य,

(ज) सचिव, उद्योग मन्त्रालय –सदस्य,

(झ) महानिर्देशक, विद्युत विकास विभाग –सदस्य सचिव ।

(२) उपदफा (१) बमोजिमको समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(३) विद्युत सेवाको अध्ययन, सर्वेक्षण, उत्पादन, प्रसारण वा वितरण गर्ने कार्य र सोसँग सम्बन्धित संरचनाको सुरक्षाको लागि विद्युतको विकास तथा संचालन भएको जिल्लाको प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला स्तरीय सुरक्षा संयन्त्र गठन गरिनेछ ।

(४) उपदफा (३) बमोजिम गठन गरिएको सुरक्षा संयन्त्रको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

६६. **प्रचलित कानून बमोजिम हुने** : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि यो ऐन वा यस ऐन अर्न्तगत बनेको नियममा लेखिएकोमा सोहि बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

६७. **नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयनको लागि नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

६८. **अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेः** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेछ ।

६९. **खारेजी, बचाउ र संशोधनः** (१) विद्युत ऐन, २०४९ खारेज गरिएको छ र सो ऐन बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

(२) यो ऐन प्रारम्भ हुदाका बखत तत्काल प्रचलित कानून बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले पाईरहेको सुविधालाई यो ऐनको कुनै कुराले वाधा पुर्‍याउने छैन र अनुमतिपत्र पाएका बखत कायम रहेका सुविधामा यस ऐनको कुनै कुराले असर पार्ने छैन ।

(३) पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी ऐन, २०६३ को दफा २ को खण्ड (क) मा रहेका "विद्युत उत्पादनगृह, विद्युत प्रसारण लाईन" र "ऊर्जा उत्पादन तथा वितरण" भन्ने शब्दहरू झिकिएका छन् ।

## अनुसूची

**(दफा २१ को उपदफा (१) सँग सम्बन्धित)**

**<u>रोयल्टी</u>**

जलविद्युत उत्पादन अनुमतिपत्र प्राप्त व्यक्तिले विद्युतको व्यापारिक उत्पादन शुरु भएपछि देहाय बमोजिमको रोयल्टी नेपाल सरकारलाई बुझाउनुपर्नेछ ।

(क) **आन्तरिक माग आपूर्तिको लागि**

| विद्युत जडित क्षमता | | व्यापारिक उत्पादन शुरु भएको मितिले पन्ध्र वर्षसम्म | | व्यापारिक उत्पादन शुरु भएको मितिले पन्ध्र वर्षपछि | |
|---|---|---|---|---|---|
| | | क्षमता रोयल्टी | ऊर्जा रोयल्टी | क्षमता रोयल्टी | ऊर्जा रोयल्टी |
| | | प्रति किलोवाट जडित क्षमतामा वार्षिक | विद्युत उत्पादन बिक्री आम्दानीको | प्रति किलोवाट जडित क्षमतामा वार्षिक | विद्युत उत्पादन बिक्री आम्दानीको |
| १ | एक मेगावाट सम्म | - | - | - | - |
| २ | एक मेगावाटदेखि दश मेगावाटसम्म | एकशय रुपैयाँ | एक दशमलव सातपाँच प्रतिशत | एकहजार रुपैयाँ | दश प्रतिशत |
| ३ | दश मेगावाटदेखि एकसय मेगावाटसम्म | एकशय पचास रुपैयाँ | एक दशमलव आठपाँच प्रतिशत | एकहजार दुईशय रुपैयाँ | दश प्रतिशत |
| ४ | एकसय मेगावाटदेखि माथि | दुईशय रुपैयाँ | दुई प्रतिशत | एकहजार पाँचशय रुपैयाँ | दश प्रतिशत |
| ५ | क्याप्टिभ प्रयोगको लागि | एकहजार पाँचशय रुपैयाँ | - | तीनहजार रुपैयाँ | - |

तर क्याप्टीभ प्लाण्टबाट उत्पादित विद्युत व्यापारिक प्रयोजनको लागि बिक्री गर्दा उपखण्ड पाँच बमोजिमको ऊर्जा रोयल्टी लाग्नेछ ।

(ख) **निकासीको लागि**

| किसिम | व्यापारिक उत्पादन शुरु भएको मितिले पन्ध्र वर्षसम्म | | व्यापारिक उत्पादन शुरु भएको मितिले पन्ध्र वर्षपछि | |
|---|---|---|---|---|
| | क्षमता रोयल्टी | ऊर्जा रोयल्टी | क्षमता रोयल्टी | ऊर्जा रोयल्टी |
| | प्रति किलोवाट जडित क्षमतामा वार्षिक | विद्युत उत्पादन विक्री आम्दानीको | प्रति किलोवाट जडित क्षमतामा वार्षिक | विद्युत उत्पादन विक्री आम्दानीको |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | निकासीमूलक रन अफ रिभर आयोजना | चारशय रुपैयाँ | सात दशमलव पाँच प्रतिशत | एकहजार आठशय रुपैयाँ | बाह्र प्रतिशत |
| २ | निकासीमूलक जलाशययुक्त आयोजना | पाँचशय रुपैयाँ | दश प्रतिशत | दुईहजार रुपैयाँ | पन्ध्र प्रतिशत |

(ग) खण्ड (ख) मा उल्लिखित रोयल्टी दर एकहजार मेगावाटसम्म जडित क्षमता भएका व्यापारिक आधारमा निर्माण गरिने आयोजनाको हकमा लागू हुनेछ । व्यापारिक आधारमा निर्माण नगरिने एकहजार मेगावाटसम्मका आयोजनाको हकमा उत्पादन शुरु भएको मितिदेखि विद्युत तथा ऊर्जा उत्पादन क्षमताको आधारमा रोयल्टीबापत वार्षिक पन्ध्र प्रतिशत विद्युत तथा ऊर्जा रोयल्टी लिइनेछ ।

(घ) नेपाल सरकारले एकहजार मेगावाटभन्दा बढी जडित क्षमता भएको निकासीमूलक विद्युत उत्पादन गर्ने अनुमतिपत्र प्राप्त व्यक्तिसँग वार्ताद्वारा छुट्टै रोयल्टी निर्धारण गर्नेछ ।

(ङ) आन्तरिक माग आपूर्तिका लागि जलविद्युत उत्पादन गर्ने अनुमतिपत्र प्राप्त व्यक्तिले आफूले उत्पादन गरेको जलविद्युत आन्तरिक उपयोगमा विक्री गरी बाँकी ऊर्जा निकासी गर्ने स्वीकृति पाएको अवस्थामा निकासी गरेको ऊर्जाको परिमाणमा निकासीमूलक आयोजनासरहको ऊर्जा रोयल्टी लाग्नेछ ।

(च) क्षमता रोयल्टी तथा ऊर्जा रोयल्टीको गणना देहायको सुत्र प्रयोग गरी गर्नु पर्नेछ,-

**(१) क्षमता रोयल्टी = क्षमता रोयल्टी दर X (१ + ०.०५)** (रोयल्टी भुक्तान गर्ने वर्ष - उत्पादन अनुमतिपत्र प्राप्त गरेको वर्ष) **X जडित क्षमता (किलोवाटमा)**

(२) ऊर्जा रोयल्टी = (उत्पादित ऊर्जा – आन्तरिक ऊर्जा खपत) **X** औषत विक्री मूल्य **X** ऊर्जा रोयल्टी प्रतिशत/ १००

**<u>द्रष्टव्य</u> :**

(१) "आन्तरिक ऊर्जा खपत"भन्नाले सम्बन्धित विद्युत गृहबाट उत्पादित ऊर्जामध्ये सो विद्युत गृह संचालनमा प्रयोग भएको ऊर्जाको परिमाणलाई जनाउँनेछ ।

(२) उत्पादन अनुमतिपत्र प्राप्त व्यक्तिको विद्युत उत्पादन आम्दानी स्पष्ट हुन नसकेमा आयोगको निर्णयानुसार हुनेछ ।

(३) "औषत विक्री मूल्य" भन्नाले जलविद्युत केन्द्रबाट उत्पादित विद्युत विभिन्न मुद्रामा विक्री भएको भए तापनि उक्त मूल्यको कायम हुन आउने सरदर मूल्यलाई जनाउँनेछ ।

(४) प्रत्येक आर्थिक वर्षको कार्तिक महिनामा जडित क्षमता रोयल्टी तथा कार्तिक, फागुन र असार महिनामा चार चार महिनाको ऊर्जा रोयल्टी बुझाउनु पर्नेछ ।